# जनकपुरधाम उप-महानगरपालिका
## जनकपुरधाम, धनुषा
### मधेश प्रदेश , नेपाल

फोन नं. ५२०५२०, ५२०१५५
फ्याक्स नं. ५२०५१०
Web Site:- janakpurmun.gov.np


पत्र संख्या :- २०८२/०८३
चलानी नं.:-

मिति : २०८२।०१।०९

सूचना सूचना सूचना ।

जनकपुरधाम उपमहानगरपालिका अन्तर्गत संचालित वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुका लागि पुन:एकीकरण (रेमी) परियोजना अन्तर्गत वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरु जनकपुरधाम उपमहानगरपालिकाको रोजगार सेवा केन्द्र वा रेमी कार्यक्रममा दर्ता भएकालाई स्व–रोजगार तथा उद्यमशिलता प्रवर्धन कार्यक्रम अन्तर्गत नयाँ काम गर्न चाहना भएका वा स्व–रोजगारमुलक कार्यमा संलग्न रिटर्नीहरु जो आफ्नो कार्य विस्तार गर्न चाहन्छन् उनीहरुलाई स्व-रोजगार तथा उद्यमशिलता प्रवर्धन कार्यक्रम संचालन कार्यविधि २०८२ अनुसार केही अनुदान रकम वा उपकरण खरिद गरी प्रविधि हस्तान्तरणको लागि यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस कार्यालयमा निवेदन साथ संलग्न कागजातहरु पेश गर्नको लागि यो सूचना प्रकाशन गरिएको छ ।

(१) यस कार्यक्रमवाट लाभ लिन योग्य लाभग्राही व्यक्ति वा सेवा प्रदायकहरुको योग्यता देहाय बमोजिमको हुनेछ:

(क) भारत देश वाहेक वैदेशिक रोजगारीवाट फर्किएको नेपाली रिटर्नीहरु
(ख) स्थानीय तह भित्र स्थायी ठेगाना र वसोवास रहेको ।
(ग) न्युनतम १८ वर्ष पुरा भएको र ५५ वर्ष ननाघेको व्यक्तिहरु ।
(घ) सेवा प्रदायकको हकमा आफुले प्रदान गर्न खोजेको सेवा सम्बन्धी लाईसेन्स वा तालिम वा अध्ययन वा कार्य अनुभव सम्बन्धी वडा कार्यालयको सिफारिस वा उद्यमशिलता समबन्धी तालिम प्राप्त गरेको कागजातको प्रतिलिपी ।

(२) निवेदन संग पेश गर्नुपर्ने कागजातहरु :
(क) माथी उल्लेखित प्रमाण संलग्न गरी स्व-रोजगार तथा उद्यमशिलता प्रवर्धन कार्यक्रम संचालन कार्यविधि २०८२ को अनुसूची-१ को ढाँचामा निवेदन ।
(ख) स्व-रोजगार तथा उद्यमशिलता प्रवर्धन कार्यक्रम संचालन कार्यविधि २०८२ को अनुसूची २ अनुसारको व्यावसायिक योजना ।
(ग) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
(घ) बैदेशिक रोजगारीबाट फिर्ता आएको प्रमाण (राहदानीको प्रतिलिपी, श्रम स्विकृत वा अन्य) सम्बन्धी प्रमाण पेश गर्नुपर्ने ।

विस्तृत जानकारीको लागि यस जनकपुरधाम उपमहानगरपालिकाको सामाजिक विकास शाखा अन्तर्गत संचालित रेमी कार्यक्रममा कार्यरत कर्मचारीसंग सम्पर्क गर्नुहोला ।

जनकपुरधाम उप-महानगरपालिकाको कार्यालय, जनकपुरधाम, धनुषा

उप-सचिव दर्शी तुर्ह